**नेपाली / *NEPALI***

*UW-Madison* का सारा कर्मचारी:

हामी जान्दछौँ तपाईँले *COVID-19* महामारी सम्बन्धित क्याम्पस परिचालनहरूको बारेमा धेरै सन्देशहरू पाउँदै हुनुहुन्छ। यी सञ्चारहरूले तीव्र रूपमा विकास हुँदै गरेको अवस्था र स्थानीय, राज्य, र संघीय जनस्वास्थ्य अधिकारीहरूबाट आएका मार्गदर्शन र सल्लाहहरूको बदलिने क्रम झल्काउँदछन्। यस सञ्चारले हाम्रो समुदायलाई सहयोग गर्न *UW-Madison* ले थप बिदाका सुविधाहरू लागु गर्ने कुराका बारेमा थप जानकारी प्रदान गर्दछ।

नयाँ *UW-Madison COVID-19* विश्वव्यापी महामारी कर्मचारी कार्यस्थल र बिदा नीतिले *(UW-Madison COVID-19 Pandemic Employee Work Location and Leave Policy)* हाम्रा कर्मचारीहरूलाई *COVID-19* विश्वव्यापी महामारीको प्रभाव कम गर्न सहयोगका लागि सामाजिक दूरीको *(social distancing)* पालना गर्ने विशेष निर्देशन प्रदान गर्दछ। यो नीति तुरुन्तै प्रभावकारी छ र थप सूचना जारी नभएसम्म प्रभावमा रहनेछ। यी प्रावधान प्रति घण्टा काम गर्ने विद्यार्थी कर्मचारीहरू बाहेक सबै *UW-Madison* का कर्मचारीहरूलाई लागु छन्। प्रति घण्टा काम गर्ने विद्यार्थीहरू सम्बन्धित थप मार्गदर्शन आगामी दिनहरूमा प्रदान गरिनेछ।

नीतिको पुरा भाषा यहाँ राखिएको छ। तलका मुख्य कुराहरूले नयाँ नीतिको सबैभन्दा महत्त्वपूर्ण विवरणहरूको छोटकरी प्रदान गर्दछन्। यदि तपाईँ *COVID-19* को कारणले काम गर्न असक्षम हुनुहुन्छ वा यदि तपाईँसँग तल दिइएका सुविधा प्रावधानहरूको योग्यताको बारेमा प्रश्नहरू छन् भने कृपया तपाईँको युनिटको मानव संसाधन प्रतिनिधिहरू र तपाईँको मुख्य सुपरभाईजरसँग कुरा गर्नुहोला:

- *COVID-19* को कारण काम गर्नका लागि रिपोर्ट नगर्न आदेश दिइएका तर घरैबाट काम गर्ने नसक्ने कर्मचारीहरूलाई ८० घण्टाको बिदा कोष सिर्जना गर्ने;
- *COVID-19* को कारणले काम गर्न असक्षम कर्मचारीहरूको लागि त्यही ८० घण्टाको बिदा कोष प्रयोग गर्ने क्षमता, जसमा कर्मचारी बिरामी हुँदा, परिवारको सदस्यको हेरचाह, वा आफैँलाई क्वारेन्टाइनमा राख्नुपर्ने आदेश भएका अवस्थाहरू समावेश छन्;
- काम गर्न भौतिक रूपमा उपस्थित हुन आवश्यक नपर्ने कर्मचारीहरूले अनिवार्य घरैबाट काम गर्नुपर्ने *(telecommuting)* (कृपया आफ्नो सुपरभाईजरसँग काम गर्न जारी राख्नुहोला र कर्मचारीहरूका लागि हालसालै अपडेट गरिएका *telecommuting* को मार्गदर्शनहरू पालना गर्नुहोला); र
- क्याम्पसको कठिन परिस्थितिहरूमा रिपोर्ट गर्न अनिवार्य कर्मचारीहरूलाई (व्यवस्थापन बाहेक) नियमित तलबको साथसाथै एक्मुस्ट भुक्तानी रकमको (रकम निर्धारण गर्न बाँकी) सम्भावना।

स्वास्थ्य मार्गदर्शनहरूको स्वास्थ्य मार्गदर्शनहरूको पालना गर्नु सबैको जिम्मेवारी हो। हाम्रो समुदायलाई बचाउनका लागि **तपाईँ बिरामी हुँदा घरमै बस्नुहोला।**

आवश्यक भएमा यस नीतिलाई बढाउने वा संशोधन गर्ने बारे अपडेटहरू हामी प्रदान गर्नेछौँ। सबै प्रश्न र चिन्ताहरू तपाईँको युनिटको मानव संसाधन प्रतिनिधिहरू वा तपाईँको मुख्य सुपरभाईजरसँग छलफल गर्नुपर्दछ।

फेरि पनि, हाम्रो समुदायलाई सुरक्षित र स्वस्थ राख्न तपाईँको सहयोगको लागि धन्यवाद दिन चाहन्छौँ। *COVID-19* विश्वव्यापी महामारी सम्बन्धी सबै बदलहरूका बारेमा हामी तपाईँहरूलाई अपडेट दिन जारी राख्नेछौँ। fक्याम्पसबाट आउने नयाँ अपडेटहरूको लागि कृपया covid19.wisc.edu वेबसाईट हेर्दै गर्नुहोला।

स्वस्थ रहनुहोला!

Mark Walters
प्रमुख मानव संसाधन अधिकारी
संयुक्त उपकुलपति
मानव संसाधन कार्यालय
*University of Wisconsin-Madison*